# राजस्व न्यायाधिकरण काठमाडौ
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
## लेखा सदस्य श्री डम्बर बहादुर कार्की
## फैसला

२०७५।०७६ सालको निर्णय नं. १३१

पुनरावेदन नं. ९७-०७४-RB-०१६०

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६५/०६६) ।**

मोरङ जिल्ला टंकीसिनवारी गा.वि.स. वडा नं. २ स्थित श्री युनाइटेड स्पिरिटस नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३००२१३२१६) को तर्फबाट अख्तियार प्राप्त ऐ. को वरिष्ठ प्रबन्धक (अर्थ) अशोक घोष........................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कर कार्यालय, ललितपुर................................................ १
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ....................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : ×

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजीरः ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- श्री ठूला करदाता कर कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री सुरेश प्रधान

शुरु कर्यालयको निर्णय मितिः- २०६७/०२/१९

**<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री राजन खनाल

निर्णय मितिः २०६७।६।१३

पुनरावेदक कम्पनीका हकमा श्री ठूला करदाता कर कार्यालय, ललितपुर समेतबाट मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. मदिरा उत्पादन गरी विक्री कारोबार गर्ने श्री युनाइटेड स्पिट्स नेपाल प्रा.लि.को मिति २०६६।३।२८ मा मौज्दातको भौतिक निरिक्षण गर्दा ६७.५ ओ.पी. शक्तिको इ.एन.ए. ९६८ लिटर घटी भई सो घटी परिमाणको कच्चा पदार्थबाट उत्पादन हुने तयारी मदिराको आधारमा अन्तःशुल्क रु. ७,००,४४४।८० सोमा लाग्ने जरिवाना रु. ७,००,४४४।८० र विलम्ब दस्तुर रु. ९,१०७।- गरी जम्मा रु. १४,०९,९९७।- निर्धारण गरी मू.अ.कर तथा आयकर निर्धारणका लागि ताहाँ कार्यालयमा पठाइएको व्यहोरा उल्लेख भई आएकोले सोको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर र जरिवाना, थप दस्तुर र व्याज समेत गरी जम्मा रू. ६,०२,५१४।- प्रारम्भिक कर निर्धारण गर्ने गरी श्री ठूला करदाता कर कार्यालय, ललितपुरबाट मिति २०६६/१२/१६ मा जारी भएको आदेश ।

२. श्री ठूला करदाता कर कार्यालय, ललितपुरबाट मिति २०६६/१२/१६ मा हुलाक मार्फत प्रेषित गरिएको सूचना करदाताले मिति २०६७/०२/०६ सोको जवाफ पेश भएको पाइयो ।

३. कर कार्यालयबाट मिति २०६६।१२।१६ मा भएको प्रारम्भिक कर निर्धारण आदेशमा कुनै परिवर्तन गर्नु पर्ने नदेखिएकोले मूल्य अभिवृद्धि कर ऐन २०५३ को दफा २९(१) अनुसार जारी प्रारम्भिक कर निर्धारण आदेश अनुसार मूल्य अभिवृद्धि कर ऐन २०५२

को दफा २० तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को दफा २० तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण गर्ने गरी श्री ठूला करदाता कर कार्यालय, ललितपुरबाट मिति २०६७/०२/१९/४ मा खडा भएको निर्णय पर्चा ।

४. श्री ठूला करदाता कर कार्यालय, ललितपुरले मिति २०६७/२/१९ मा जारी गरेको आ.व. २०६५/०६६ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी श्री युनाइटेड स्पिरिटस नेपाल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०६७/०४/१८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. करदाताको जिकिर, कार्यालयको प्रतिक्रिया तथा सक्कल फाइलसाथ संलग्न कागजातहरुको अध्ययन तथा विश्लेषण गर्दा कार्यालयले गरेको मू.अ.कर निर्धारणको निर्णय कानून सम्मत भएको देखिएको हुँदा करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६७/०६/१३ मा भएको निर्णय ।

६. प्रत्यर्थी ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व विभागबाट भएको मूल्य अभिवृद्धि कर निर्धारण आदेश निर्णय पर्चा समेत गैरकानूनी त्रुटिपूर्ण एव अन्यायियक भएकोले बदर गरी न्याय पाउ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७५/०२/०९ मा यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र दर्ता भएको ।

७. आजै यसै न्यायाधिकरणबाट राजस्व न्यायाधिकरण, विराटनगरमा पठाइदिने गरी निर्णय भएको यिनै वादी प्रतिवादी भई चलेको अन्तःशुल्क मुद्दासँग अन्तर सम्बन्ध भएको र सो मुद्दाको निर्णयबाट प्रस्तुत मुद्दाको निर्णयमा असर पर्न जाने देखिदा उक्त अन्तःशुल्क मुद्दाको अन्तिम निर्णय भएपछि जगाउने गरी अ.वं. १२ नं. बमोजिम मुलतवीमा राखिदिने ठहर्छ भन्ने यस न्यायाधिकरणको मिति २०६८/०७/२८/२ मा भएको आदेश ।

८. यसमा यीनै पुनरावेदकको आ.व. २०६५।०६६ को अन्तःशुल्क मुद्दा राजस्व न्यायाधिकरण, विराटनगरबाट निर्णय हुन बाँकी रहेको उक्त निर्णय अन्तरसम्बन्धीत रहेकोले प्रस्तुत मुद्दा मिति २०६८।७।२८।२ को आदेशानुसार मुलुकी ऐन अ.वं. १२ नं. बमोजिम मुल्तवी रहेकोमा राजस्व न्यायाधिकरण, विराटनगरको च.नं. ६०७, मिति २०७५।१।२३ को पत्रबाट अन्तर सम्बन्धीत अन्तःशुल्क मुद्दा निर्णय भई उक्त निर्णयको प्रमाणित प्रतिलिपी समेत प्राप्त भएको देखिंदा प्रस्तुत मुद्दा मुल्तवीबाट जगाइदिएको छ । अतः प्रस्तुत मुद्दा पुनरावेदन दायरीमा दर्ता गरी सम्बन्धीत पक्षहरुलाई म्याद सूचना जारी गरी म्यादमा हाजिर भए वा सोको अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५/०२/९/४ मा भएको आदेश ।

९. यस न्यायाधिकरणबाट पुनरावेदक प्रा.लि. का नाममा जारी भएको ७ (सात) दिने म्याद सो प्रा.लि.ले मिति २०७५/३/१० मा बुझि लिई म्यादमा हाजिर भएको देखिंदैन ।

## ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र सहितको मिसिल संलग्न कागजातको अध्ययन गरी प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालयका शाखा अधिकृत श्री नगेन्द्र लम्सालले पुनरावेदक प्रा.लि. को सम्बन्धमा शुरू ठूला करदाता कार्यालय र आन्तरिक राजस्व विभागबाट मू.अ.कर निर्धारणका सम्बन्धमा भएको निर्णय कानून सम्मत हुँदा सो निर्णय सदर हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

११. यसमा स्थायी लेखा नं. ३००२१३२१६ का पुनरावेदक युनाइटेड स्पिरिट्स नेपाल प्रा.लि. को आ.व. २०६५।६६ मा मौज्दात रहेको ओ.पि. शक्ति ६७.५ इ एन.ए ९६८ लिटरलाई एल.पि. लिटरमा बदल्दा १६२१.४० हुने र त्यसबाट २५ यु(पी शक्तिको २१६१.८७ लिटर मदिरा उत्पादन हुने देखिन्छ भनी आन्तरिक राजस्व कार्यालय, विराटनगरले प्रति लिटर ३२४ का दरले अन्तःशुल्क रु. ७,००,४४४।८० निर्धारण गरेको पाइन्छ । उक्त मदिरालाई विक्री मूल्य कायम गर्ने प्रयोजनको लागि १८० मिलिलिटरको बोतल बन्दी गरी काटुनमा राख्दा २५०.२२ काटुन हुने र प्रति काटुन एन्टीक्युटी रियर प्रिमियम १८० एम.एल. को डिष्टिव्यूटर्सको लागि प्रति काटुन मूल्य रु. ९,६६३।२६ तोकेको देखिन्छ । उक्त मूल्यबाट १३ प्रतिशत मूल्य अभिवृद्धि कर घटाउँदा हुने कारखाना मूल्य रु. ८,५५१।५५ का दरले २५०.२२ काटुनको जम्मा विक्री मूल्य रु. २१,३९,७३५।– र सोको १३ प्रतिशतले मूल्य अभिवृद्धि कर २,७८,१६६।–निर्धारण गरेको पाइन्छ ।

१२. मिति २०६६।१२।१६ मा कर निर्धारणको सूचना करदाता प्रा.लि. ले प्राप्त गरी प्रत्यर्थी कार्यालयमा करदाताले मिति २०६७।२।६ मा अन्तःशुल्क निर्धारण सम्बन्धमा राजस्व न्यायाधिकरण, विराटनगरमा पुनरावेदन गरी विचाराधिन रहेको र सो मुद्दासँग प्रस्तुत मुद्दा अन्तर प्रभावीत हुँदा सो मुद्दा टुङ्गो नलागुन्जेल सम्म मूल्य अभिवृद्धि कर निर्धारण गर्ने कारवाही स्थगित गरि पाउँ । साथै भारतबाट स्प्रिट जस्तो तर प्रज्वलनशील पदार्थ आयात गर्दा लामो बाटोको कारण २ प्रतिशत **Transit Westage** हुने हुँदा सो सम्बन्धमा यकिन नै नगरी कायम गरेको अन्तःशुल्क गैर कानूनी छ भनी जवाफ पेश गरेको देखिन्छ ।

१३. करदाता प्रा.लि. ले आफ्नो जिकिर पुष्टि हुने कुनै पनि सबुत प्रमाण पेश दाखेला गर्न नसकेको हुँदा मिति २०६६।१२।१६ मा भएको कर निर्धारण आदेशमा कुनै परिवर्तन

गर्नु पर्ने नदेखिएको हुँदा मूल्य अभिवृद्धि कर ऐन तथा नियमावली बमोजिम मूल्य अभिवृद्धि कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश जारी हुने भनी २०६७।२।१९ मा आदेश भएको र सो आदेश उपर करदाता प्रा.लि. ले आन्तरिक राजस्व विभागमा प्रशासकिय पुनरावलोकनका लागि मिति २०६७।४।१८ मा निवेदन दिएकको र सो विभागबाट ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मू.अ.कर निर्धारण गर्ने सम्बन्धमा भएको निर्णय कानून सम्मत देखिदा करदाताको जिकिर पुग्न सक्दैन भनी मिति २०६७।६।१३ मा आदेश भएको देखिन्छ ।

१४. यसै प्रा.लि. ले अन्तःशुल्क निर्धारण आदेश गैर कानूनी छ भनी राजस्व न्यायाधिकरण, विराटनगरमा पुनरावेदन गरेको र सो विषयसँग प्रस्तुत मुद्दाको अन्तर सम्बन्धित भएको हुँदा मू.अ.कर निर्धारण आदेश स्थगित गरी पाउ भनी र भारतबाट स्प्रिट जस्तो तरल पदार्थ आयत गर्दा लामो बाटोको कारण चुहिने र उड्ने भएको हुँदा २ प्रतिशतसम्म **Transit Wastage** हुने हुँदा सो जर्ति मिनाहा गरी प्रतिलब्धी कायम गरी पाउ भनी पुनरावेदनमा जिकिर लिएको देखिन्छ ।

१५. पुनरावेदक प्रा.लि. को पहिलो पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, अन्तःशुल्क निर्धारण सम्बन्धमा भएको आदेश उपर पुनरावेदक प्रा.लि. को तर्फबाट परेको पुनरावेदनका सम्बन्धमा राजस्व न्यायाधिकरण, विराटनगरबाट मिति २०६९।१२।१८ मा आन्तरिक राजस्व कार्यालय, विराटनगर समेतबाट भएको कर निर्धारण सम्बन्धी निर्णय सदर हुने ठहरी फैसला भएको र सोको प्रतिलिपी समेत मिसिल संलग्न रहेको देखिंदा सो सम्बन्धमा थप विवेचना गरिरहन परेन ।

१६. जहाँसम्म पुनरावेदक प्रा.लि ले निवेदक उद्योगले उत्पादन गर्न प्रयोग गर्ने कच्चा पदार्थ स्पिरिट स्वेदशमा उपलब्ध नहुँदा भारतको पंजाव राज्यबाट आयात गरेको र लामो बाटो भएको कारण ९/१० दिन बाटोमा समय लागेकोले उडेर चुहिएर नोक्सान भएको हो, स्पिरिट तरल पदार्थ हुँदा कम्तीमा २ प्रतिशत **Transit Wastage** हुने कुरालाई समेत विचार गरी प्रतिलब्धी दरको बारेमा ठहर गरिनु पर्ने भन्ने दोस्रो जिकिर लिएका छन, सो सम्बन्धमा हेर्दा पुनरावेदक प्रा.लि. को मिति ०६६।३।२८ मा मौज्दातको भौतिक निरिक्षण गर्दा घटी स्टक भएकोले उत्पादन कायम गर्ने गरी अन्तःशुल्क निर्धारण गरी आयकर तथा मूल्य अभिवृद्धि कर निर्धारण गर्ने आन्तरिक राजस्व कार्यालय, विराटनगरबाट ठूला करदाता कार्यालय, ललितपुरमा पत्राचार भई मिति २०६६।१२।१६ मा प्रारम्भिक कर निर्धारण आदेश जारी भए पश्चात प्रस्तुत विवादको उठान भएको देखिन आयो । यी पुनरावेदकले मू.अ.कर सम्बन्धमा आफू विरुद्ध जारी भएको प्रारम्भिक कर निर्णयमा गर्ने कारवाही एवं निर्धारण स्थगित गरी पाउन ठूला

करदाता कार्यालयलाई मिति २०६७।२।६ मा पत्राचार गरेको देखिन आयो । उक्त पत्राचार गर्दा पुनरावेदन पत्रमा जिकिर लिए झै भारतबाट कच्चा पदार्थ स्पिरिट आयात गर्दा लामो बाटो भएको कारण कम्तीमा २ प्रतिशत **Transit Wastage** हुने भएकोले जुन हिसावले अन्तःशुल्क निर्धारण गरिएको छ सो उपयुक्त एवं कानून सम्मत समेत रहेको छैन भनी जिकिर लिएको पाइयो । तर घटी मौज्दात देखिएको स्पिरिट पुनरावेदकले जिकिर लिए बमोजिम पंजावबाट प्रस्थान हुँदा के कति मात्रामा ल्याइएको हो र नेपाल भित्रिंदा वास्पीकरण दुर्वोधीकरण एवं चुहावट भई के कति मात्रा कमी हुन गयो भन्ने लेखाजोखा गरी सम्बन्धित निकायलाई समयमै त्यसको जानकारी दिइयो दिइएन भन्ने सम्बन्धमा यी पुनरावेदकले खुलाउन सकेको पाइएन । स्पिरिट जस्तो तरल पदार्थ ल्याउने लैजाने क्रममा ओसार पसार गर्दा घटन जाने दावी यथार्थ भए पनि सो क्रममा के कति घट्यो कमी भयो भन्ने कुराको एकिन तवरमा हिसाव गराइ मौज्दात कितावमा समयमै जनाउने कार्य सम्बन्धित उद्योगीको जिम्मेवारी भित्र पर्ने हुन्छ तर प्रस्तुत विवादमा त्यस्तो व्यहोरा उल्लेख गरी सप्रमाण जिकिर लिन सकेको नदेखिंदा हचुवाको भरमा परेको पुनरावेदनको आधारमा निर्क्योलमा पुग्न सकिने देखिन आएन ।

१७. साथै, यी पुनरावेदकले ठूला करदाता कार्यालय, ललितपुरलाई मिति ०६७।२।६ मा लेखेको पत्रमा जुन हिसावले अन्तःशुल्क निर्धारण गरिएको छ सो उपयुक्त एवं कानूनसंगत समेत रहेको छैन भनी उल्लेख गरेको देखिन्छ ।तर पुनरावेदकको दावी जिकिर कुन कानूनसँग असंगत भयो भनी कुनै कानूनी प्रावधान उल्लेख गरी पुनरावेदन गर्न आएका देखिएन । प्रस्तुत विवादमा निवेदकको हैसियत कानूनी व्यक्तिको देखिन्छ र कानूनी व्यक्ति कानूनले निर्धारित गरे बमोजिमको अधिकार मात्र उपभोग गर्न पाउने स्थापित कानूनी सिद्धान्त भएको हुँदा पुनरावेदकले जिकिर लिए जस्तो प्रतिशतको हिसाव नै नराखिएको **Transit Wastage** को छुट मिसिल संलग्न कागजात एवं विद्यमान सम्बद्ध कानूनी व्यवस्थाले गरेको देखिन आएन । अतएवः ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर र आन्तरिक राजस्व विभागबाट पुनरावेदक करदाता प्रा.लि. को सम्बन्धमा आ.व. २०६५।०६६ को मूल्य अभिवृद्धि कर निर्धारण सम्बन्धि निर्णयलाई अन्यथा भयो भनी मान्न मिलेन ।

१८. अतः माथी विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३००२१३२१६ भएका पुनरावेदक करदाता श्री युनाइटेड स्पिरिटस नेपाल प्रा.लि.को आ.व. २०६५/०६६ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा श्री ठूला करदाता कर कार्यालय, ललितपुरको मिति २०६७।०२।१९ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०६७।०६।१३ मा भएको निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ..........................................................................१

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू.............................................................२

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामी सहमत छौं ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

**<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>**
शाखा अधिकृतः श्री लेख बहादुर कोइराला
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल बैशाख १७ गते रोज ३ शुभम......